# आर्थीक वर्ष २०७५।०७६
# को
# बजेट वक्तव्य

## नाम्खा गाउँपालिका
यात्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७५

गाउँसभाको बैठकमा मिती २०७५ असार १० गते आईतबार

नाम्खा गाउँपालिकाका उपाध्यक्ष पेमा तामाङले

प्रस्तुत गर्नु भएको

# आर्थीक वर्ष २०७५।०७६

# को

# बजेट वक्तव्य

नाम्खा गाउँपालिका

याल्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

२०७५

**गाउँ सभाका सभाअध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

## आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने सन्दर्भमा शुरुमा म मेरा केही शब्द राख्ने अनुमति चाहान्छु ।

संविधान सभाबाट जारी भएको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा नाम्खालाई दिगोशान्ति, शुसासन र समृद्धिको आकाँक्षा पुरा गर्ने संकल्प गरेको छ । यही संकल्पलाई आत्मसाथ गर्दै हाम्रो योजनाले स्वाधिन तथा विकास उन्मुख समाजलाई समृद्ध वनाउने सोच राखेको छु । समाजमा रोजगारी सृजना गरी गरिवी निवारण गर्ने र नाम्खामा आर्थिक सामाजिक रुपान्तरण गर्ने कार्यलाई अघि वढाउने लक्ष्य राखेको छु ।

योजनाको सफल कार्यान्वयन गर्न सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको भुमिकाको जरुरत पर्दछ । त्यसै गरी राजनैतिक तहवाट आर्थिक, सामाजिक, पूर्वाधार जस्ता विकासका लागि नीति निर्माण गरी सवै क्षेत्रमा काम गर्ने वातावरण सृजना गर्ने कार्यमा नेतृत्वदायि भूमिका रहनु पर्दछ ।

व्यवसायीक कुसलताका लागि उद्योग व्यापार एवं आर्थिक विकासमा निजी क्षेत्रको भूमिका रहनु पर्दछ भने स्थानीय सिप, श्रोत, सामाजिक पूँजि र क्षमताको उपयोगमा सहकारी क्षेत्रको मत्वपूर्ण भूमिका रहन्छ । समग्र विकास प्रकृयामा सवै नागरिकको सकृय भूमिका र विकासका साझेदारीहरुको सहयोगी भूमिका पनि त्यतिकै महत्वपूर्ण रहनेछ । सवै क्षेत्रको सकृयता भएमात्र योजनाको सफल कार्यान्वयन हुन गई निर्धारित समयमा नतिजाहरु हासिल गर्न सकिन्छ र संविधानको कार्यान्वयनलाई समेत सुनिश्चित गर्न सकिन्छ । यस सन्दर्भमा म सवैलाई नाम्खा निर्माणको महान कार्यमा आ-आफ्नो तर्फबाट जुट्न आव्हान गर्दछु ।

योजनाले लिएका लक्ष्यहरु हासिल गर्न राजनैतिक दृढ ईच्छाशक्ति, प्रशासनिक संयन्त्रको कृयाशिलता, निजी क्षेत्रको स्वच्छ प्रतिस्पर्धा, सहकारी क्षेत्रको उत्पादनमुखी कार्यशैली र समुदाय एवं विकास साझेदारहरुको सार्थक सहयोग रहने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय**

१. आज म विकास र समृद्धिको व्यग्र प्रतिक्षामा रहेको नाम्खा गाउँपालिकाको गाउँ सभाको यस गरिमामय सदनमा उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०७५।०७६ को अनुमानित आय व्ययको विवरण (वजेट) प्रस्तुत गर्न उपस्थित भएको छु । संविधान र संघीयताको कार्यान्वयनको क्रममा गाउँपालिको गठन पश्चात सार्वभौम यस गाउँपालिकाको दोस्रो ऐतिहासिक पूर्ण वजेट जनताको प्रतिनिधिमुलक यो गरिमामय सदनमा प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु ।

२. लोकतन्त्र, राष्ट्रियता र नागरिक अधिकारको प्राप्तिका लागि भएका पटक पटकको जनआन्दोलनमा आफ्नो जीवन वलिदान गर्नुहुने महान ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा वेपत्ता नागरिक प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. राजनितिक, आर्थिक र सामाजिक परिर्वतनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सवै अग्रजहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

४. यस नाम्खा गाउँपालिकाको अवसरबाट बन्चित श्रमशिल तथा उर्जाशिल जनशक्तिलाई पूँजिमा वदल्दै न्याय र सामाजिक रुपान्तरण सहित समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो लक्ष्य रहेको कुरामा जोड दिन चाहान्छु ।

५. संघीय शासन प्राणालीको प्रभावकारी कार्यान्वयनका चरणमा यस नाम्खावासीहरुलाई सुखी र समृद्ध वनाउने हाम्रो दिर्घकालिन उद्देश्य अनुरुप दत्तचित्तका साथ अघि वढिरहेको कुरा स्मरण गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय**

अव म गाउँपालिकाको विद्यमान अवस्थालाई वुँदागत रुपमा प्रस्तुत गर्दछु ।

१. संघीय संरचना पछि नेपालकै सवै भन्दा ठूलो यस गाउँपालिका २४१९.६४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकामा जम्मा ६ वडा रहेका छन् भने केन्द्र याल्वाङ्ग रहेको सर्व विधितै छ ।

२. नाम्खा गाउँपालिका भौगोलिक विकटता तथा कठिनाई र विकासमा पछाडि परेतापनि आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणिय विकासमा पर्यटन, जडिबुटीको प्रचुर सम्भावना वोकेको छ ।

३. जनगणना २०६८ अनुसार यस गाउँपालिकामा महिला १९२८ जना (५०.५६%) र पुरुष १९७२ जना (४९.४४%) गरी जम्मा ३९०० जनसंख्या रहेको छ । घरधुरी संख्या ८०३५ सरदर परिवार आकार ४.७ र जनसंख्या वार्षिक बृद्धिदर ०.३ प्रतिशत रहेको छ ।

४. साक्षरताको अवस्थालाई हेर्दा यस गाउँपालिकाको साक्षरता दर ४७ प्रतिशत रहेको छ । जसमा पूरुष ६२ प्रतिशत महिला ३३ प्रतिशत रहेको छ ।
५. यस नाम्खा गाउँपालिकामा कुल ग्रार्हस्थ उत्पादन र मानव विकास सुचांक आदि इत्यादिको हिसावले न्यून रहेको छ ।
६. शिक्षित जनशक्तिको अभावको कारण श्रममा आधारित रोजगारीका लागि चिनमा जाने युवायुवतीको संख्या बढ्दो क्रममा रहेको हुँदा स्थानीय स्तरमा दक्ष जनशक्तिको अभाव हुने र समग्रमा विकास गतिविधि सुस्त हुने देखिएको छ ।
७. उपरोक्त परिवेशमा सीमित श्रोत साधनवाट धेरै आवश्कताहरुको सम्बोधन गर्नुपर्ने यो बजेटले सामाजिक रुपान्तरण, आर्थिक विकास र समग्र नाम्खा गाउँपालिकाको समृद्धिको आधारशिला वन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय**

अव म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७५।०७६ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

१. यसै आ.व.बाट तयार गरिएका नीति तथा कार्यक्रमलाई यर्थाथ रुपमा अघि बढाउदै हरेक नाम्खावासीहरुको जीवनस्तरमा परिवर्तन गर्नका लागि सामाजिक विकास, आर्थिक विकास, नेतृत्व विकास र भौतिक विकासका क्षेत्रहरुमा समृद्धि हासिल गर्दै सुशासनयुक्त शासन प्रणालीको विकास गर्ने उद्देश्य राखिएको छ ।

उर्पयुक्त उद्देश्य प्राप्तिका लागि देहायका विकास प्राथामिकताका क्षेत्र निर्धारण गरेको छु ।

क) आर्थिक विकास क्षेत्र
ख) सामाजिक विकास क्षेत्र
ग) पूर्वाधार विकास क्षेत्र
घ) वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र
ङ) सुशासन तथा संस्थागत विकास क्षेत्र

**सभाध्यक्ष महोदय**

अव म वजेटका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## <u>१. आर्थिक विकास क्षेत्र</u>

१. माटो र वातावरण सुहाउँदो फलफूल तथा तरकारी खेतीलाई मुख्य आम्दानीको श्रोतका रुपमा ग्रहण गरी ***एक घर एक बगैचा*** को अवधारणा अनुसार मौसमी खाल्का व्यवसायलाई निरन्तर जोड दिईनेछ ।

२. खाद्य सुरक्षालाई दिगोपन दिन यहाँको भुगोल र वातारण मिल्दो विउ विजन व्यवस्था गरी आत्मर्निभर बन्ने खाल्का कार्यक्रमलाई जोड दिईनेछ ।

३. **"नाम्खाको आर्यआर्जन, रोजगारीको व्यवस्थापन"** लाई नीतिगत रुपमा ग्रहण गर्दै आयआर्जनलाई वृद्धि गर्न ६ वटै वडाका क्षमतावान नागरिकलाई कृर्षि, पर्यटन र अन्य सिपमुलक तालिमको व्यवस्थामा निरन्तर गरिनेछ ।

४. **"नाम्खाको वानी, उद्योग र व्यवसायमा लगानी"** श्रोत र साधानको अवस्था अनुसार उद्योग र व्यवसायमा यस गाउँपालिकाका बासिन्दाको शेयर लगानी निरन्तर गर्दै लगिनेछ ।

५. माटो र वातावरण सुहाउँदो अर्गानीक अन्नवालीको उत्पादनमा वढि प्रथामिकता दिईनेछ ।

६. यस गाउँपालिका केहि क्षेत्रलाई पशुपालनको पकेट क्षेत्र घोषणा गरिनेछ । सोही अनुसार व्यवसायीकरण गर्दै पशु (चौरी, जुमा, गाई, च्याङग्रा) उत्पादन गरी दुग्धजन्य उद्योग प्रर्वद्धन गरी चिजको उत्पादन तर्फ जोड दिईनेछ । लिमीमा र सम्भावना भएका अन्य वडामा दुग्धजन्य वस्तु, (छुप्री , ध्यू, र चिज) उत्पादनको लागि उद्योगको स्थापना गरिनेछ ।

७. उन्नत जातको पशुपालनका लागि नश्ल सुधार र कृतिम गर्भधारण कार्यक्रम लागू गर्न विशेष जोड दिईनेछ ।

८. व्यवसायीक मौरीपालन र कुखुरा पालनमा वातावरण अनुसार व्यवस्थापन गर्न पहल गरिनेछ ।

९. **"सुकेकोलाई काम लगाउँ, हरियोलाई जोगाउँ"** वन र वातावरणलाई जोगाई राख्न सुकेको काठलाई काम लगाउन फर्निचर उद्योगको व्यवस्था गरी आयआर्जनमा वृद्धि गरिनेछ ।

१०. यस गाउँपालिकामा भएका सम्भावित पर्यटकियस्थलमा सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गर्दै होटल व्यवसायलाई वृद्धि गर्दै लगिनेछ ।

११. बहुउद्देशिय सहकारी संस्थाको स्थापना गरिनेछ । जसबाट ऋण प्रवाह गरी आयआर्जनमा वृद्धि गर्ने कार्य गरिनेछ ।

१२. पर्यटन व्यवसायलाई वृद्धि गरी आयआर्जनमा टेवा पुर्‍याउन गाउँपालिकाको ब्रोसर, डकुमेन्ट्री, गाउँपालिका प्रोफाईल, लिफ्लेट जस्ता सामाग्री प्रकाशन र वितरणको व्यवस्था मिलाइने छ ।

१३. महत्वपूर्ण पर्यटकिय र ऐतिहासिक धरोहरलाई पहिचान गराउन गाउँपालिकाको वेभसाईटको निर्माण गरी पर्यटन विकासमा व्यापकता ल्याईने छ ।

१४. कृषि व्यवसायलाई नियमित बनाउन सिचाई सुविधाको विशेष कार्यक्रम ल्याईने छ ।

१५. कृषि आधुनिकीकरण अन्तर्गत वाली काट्ने तथा प्रशोधन गर्ने आधुनिक मेसिनको व्यवस्था गरिनेछ ।

१६. **"एक गाउँ एक हरित गृह"** को अवधारणा अनुसार यसै आ.व. देखि हरित गृहको उचित व्यवस्था गरिने छ ।

१७. पशुजन्य रोग नियन्त्रणको लागि आवश्यक औषधी तथा भ्याक्सीनको व्यवस्था मिलाईनेछ ।

१८. चरन खर्कका लागि पशु पिउने पानी, चरन बाटो, काठेपुल र उन्नत बहुवर्षिय घाँसको व्यवस्था गरिनेछ ।

१९. पशु उपचारको लागि ट्रेविजको व्यवस्था पशु वन्धाकरणका लागि बडिजो कास्टेटरको व्यवस्था गरिनेछ ।

२०. पशु विकासको लागि नश्ल सुधारका लागि उन्नत भाले पशुको वितरणको व्यवस्था मिलाईने छ ।

## २. सामाजिक विकास क्षेत्र

१. महाबौद्ध मा.वि.मा यही वर्षबाट १०+२ को व्यवस्था गरी त्यसको लागि आवश्यक अनुदानको व्यवस्था मिलाईने छ ।

२. **"पूर्ण सरसफाईमा हाम्रो वानी, घरघरमा स्वच्छ पिउने पानी"** यस गाउँपालिकाका सवै वडा र वस्ती तथा समुदायहरुलाई आधारभुत स्वच्छ पिउनेपानीको उचित व्यवस्था मिलाउन प्राथमिकता दिईने छ ।

३. खुल्ला दिसामुक्त क्षेत्र घोषणा र रणनीतिलाई दिगोपन दिने खाल्का कार्यक्रमलाई निरन्तता दिईनेछ ।

४. उत्पादन वृद्धि गर्न भुगोल अनुसार साना देखि वृह्त खाल्का दिर्घकालिन सिचाईको व्यवस्था गरिनेछ ।

५. **"सवै बालबालिकालाई शिक्षा, नाम्खावासीको अपेक्षा"** शिक्षा क्षेत्रको विकासको लागि सवै वस्तिका बालबालिाकहरुका अधिकार बमोजिम भौतिक पूर्वाधार देखि अन्य सुविधाका निम्ती विशेष कार्यक्रम ल्याईने छ ।

६. साक्षर समाज घोषणाको लागि निरक्षरलाई साक्षर बनाउन विभिन्न कार्यक्रमको व्यवस्था गरिनेछ ।

७. **"शिक्षा र खेलकुदमा हाम्रो अभियान, नाम्खावासीको यहि हो पहिचान"** सवै विद्यालयममा भौतिक पूर्वाधार देखि उचित शैक्षिक वातावरणको व्यवस्था निरन्तर

गरिनेछ र अतिरिक्त कृयाकलापलाई व्यापकता दिई क्षमतावान व्यक्तिको पहिचान र उत्पादनमा जोड दिईनेछ ।

८. बालमैत्री, वृद्धमैत्री र अपांगमैत्री जस्ता योजना तथा कार्यक्रमलाई विशेष ध्यान दिईनेछ । यस संग सम्बन्धीत योजनाहरु गर्ने र गराउन लगाउने नीति लिईनेछ ।

९. मा.वि. स्तरको नियमित अन्तिम परिक्षा माध्यामिक परिक्षा वोर्डमा उच्च अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रत्येक बर्ष रु ५,१००। प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ ।

१०. आधारभुत र मा.वि.स्तरको नियमित अन्तिम परिक्षामा उच्च अंक ल्याई नमुना योग्य बनाउने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा प्रशंसा पत्र प्रदान गरिनेछ ।

११. नियमित सेवा प्रवाह गर्ने इमान्दार कर्मचारीहरुलाई सेवावापत प्रोत्साहन स्वरुप पुरस्कार सहित प्रशंसा पत्र प्रदान गरिने परिपाटीलाई नियमित गरिनेछ ।

१२. शिक्षाको गुणस्तरलाई वृद्धि गर्न सुविधा सम्पन्न आवासिय विद्यालय निर्माण गर्न प्रोत्साहन गरी गुणस्तरिय शिक्षा प्रदान गर्ने नीति लिईनेछ । जसबाट पाठ्यक्रमको मर्म र आवश्यकता अनुसार विद्यालय खुल्ने र पठनपाठन हुने दिन वृद्धि गर्ने विशेष कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

१३. सुविधासम्पन्न स्वास्थ्य संस्थाको स्थापना गरिनेछ । हाल संचालनमा रहेका सवै स्वास्थ्य चौकिलाई जनशक्ति, आवश्यक उपकरण, औषधी, थप श्रोत, साधन र सुविधा सम्पन्न गरिदै जाने नीति लिइने छ । विद्यमान परिस्थितीलाई सुधार गरी सवै प्रकारका सेवालाई नियमित र निरन्तरता दिने परिपाटी मिलाईने छ ।

१४. स्वास्थ्य, सेवाको पहँच नपुगेको स्थान (चाला, तागिन, यारी हिल्सा, जाँग र तिल सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्न विशेष पहल गरिनेछ । साथै स्वास्थ्य इकाई स्थापना नहुन्जेल नियमित स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१५. पूर्ण खोप गाउँपालिका घोषणा गर्नको लागि सम्पूर्ण वडामा आवश्यक जनशक्तिको व्यवस्थापन गरी खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६. स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुसंग समन्वय र सहकार्य गरी सम्पूर्ण रोग निदानको लागि बर्षको एक पटक विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गर्न पहल गरिनेछ ।

१७. आपतकालिन औषधी तथा भ्याक्सीन र अन्य सामाग्रीहरुको बफर स्टोरको व्यवस्थापन गरिने छ साथै सम्बन्धीत स्वास्थ्य संस्थामा समयमै प्रयाप्त औषधी र भ्याकसीन आपुर्तीका लागी आवश्यक ढुवानीको ब्यबस्था गर्न विशेष पहल गरिनेछ ।

१८. सुत्केरी तथा गर्भवती समयमा देखीने जटिलता न्युनीकरण गर्न प्रेषणका लागी एयर एम्बुलेन्सको आपतकालिन कोषको स्थापना गरिनेछ ।

१९. सामाजिक क्षेत्रमा सेवा प्रवाह गर्ने सवै सरकारी र गैह्र सरकारी संस्थालाई पूर्ण जिम्मेवार वनाईने छ । परिणाममुखी नतिजाको सृजना गर्ने तर्फ विशेष जोड दिईनेछ ।

२०. भाषा, साहित्य, कला, ऐतिहासिक स्थल र संस्कृति संरक्षण एवं सम्बर्द्धनका लागि निर्माण तथा सहयोग प्रदान गर्ने नीति लिईनेछ ।

२१. गाउँपालिकामा खेलकूद विकासको लागि खेलमैदान, रंगशाला वा खुल्लामन्च निर्माण गर्न सवै पक्षको सहयोगको खोजी गरिने छ ।

२२. गुणस्तरिय शिक्षामा सवैको पहुँच वढाउन शिक्षक तालिम, प्रोत्साहन, विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई चेतनामुलक अभिमुखीकरण र सहयोगमा जोड दिईनेछ ।

२३. स्थानीय तहका जनप्रतिनिधिहरुलाई आफ्नो काम, कर्तव्य र जवाफदेहिता सम्बन्धी प्रवोधीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

२४. बालविकास सम्बन्धी संघीय सरकार एवं प्रदेश सरकारका नीतिका आधारमा लागु गर्दै गाउँपालिका भित्र विद्यालयको पहुँच नभएका स्थानमा वालविकास केन्द्रहरु स्थापना गरिनेछन् ।

२५. विद्यालयमा कर्मचारी तथा शिक्षक नियुक्ती, सरुवा, वढुवा, पुरस्कार, दण्ड र सजायको लागि निष्पक्षता र पारदर्शिताको नीति लिईनेछ ।

२६. कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न क्षमता अभिवृद्धि, स्तरवृद्धि र प्रोत्साहन गर्ने नीतिलाई प्रथामिकता दिईनेछ ।

२७. प्राविधिक सेवाप्रवाहलाई थप प्रभावकारी वनाउन वडास्तरिय जनशक्तिको उचित व्यवस्थापन गरिनेछ ।

२८. शैक्षिकसत्रको शुरुमै पाठ्यपुस्तक लगायतका शैक्षिक सामाग्रीहरुको व्यवस्थापनका लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

## **३. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

१. जलवायु परिवर्तनबाट हुने नकारात्मक असरहरुको न्युनिकरण गर्न स्थानीय अनुकुलन कार्ययोजना तयार गरी कार्यान्वयन विस्तार गरिने छ । बातावरण मैत्री गाउँपालिकाको रुपमा चिनाउन विकास गरिने छ । वातावरण संरक्षण, विपद् जोखिम व्यवस्थापन गर्न वडा स्तरिय नीति तर्जुमा गरी कार्यान्वनमा ल्याईने छ ।

२. ध्वाँरहित गाउँपालिका निर्माणका लागि विशेष कार्यक्रमहरु तय गरिने छ ।

३. गाउँघर र सार्वजनिक स्थलको वातावरण सुधारका लागि विभिन्न कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. नदीको कटान क्षेत्रमा तटबन्धन साथै पहिरो नियन्त्रणका लागि वृक्षारोपण कार्यको शुरुवात गरिनेछ ।

५. गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समिति गठन गरी वडास्तरमा समेत विस्तार गरिनेछ ।

६. विपद् जोखिम न्यूनिकरणका लागि पूर्व तयारी, आवश्यक औजार उपकरणको व्यवस्थापन र उद्धार टोलीको परिचालन र राहत सामाग्रीको व्यवस्थापन गरिनेछ ।

## ४. पूर्वाधार विकास क्षेत्र

१. हिल्सा देखि च्याछरा सम्मको सडकको स्तरवृद्धि गर्न विशेष जोड दिईने छ ।
२. यस गाउँपालिको सवै वडाहरुलाई सडक संजालमा जोड्नका लागि व्यवस्था मिलाईने नीति लिईनेछ ।
३. प्रत्येक वस्तीहरुमा घोरेटो वाटो निर्माण गरी जनजीवनमा सहजता प्रदान गरिनेछ ।
४. गाउँपालिका र सवै वडाको कार्यालय स्थापनापनका लागि विशेष पहल गरिनेछ ।
५. हिल्सामा वसपार्कको निर्माण गरिनेछ ।
६. **"हाम्रो संचार, साझा संसार"** यस गाउँपालिकामा मोवाईल टावरको स्तरउन्नती र इन्टरनेट जडानको शुरुवात गरिनेछ ।
७. स्वास्थ्य चौकी, विद्यालय भवनहरु, निर्माण गर्न आवश्यकता जग्गाको व्यवस्थापन गरिनेछ ।
८. सवै वडामा क्रमश सुधारिएको घट्टको व्यवस्था गरिने छ र आगामी ३ बर्षमा सवै वडामा कुटानी पिसानी मिलको व्यवस्था गर्न पहल गरिने छ ।
९. नेपाल सरकारले तोकेको कर दायरालाई मजबुद गर्न र आन्तरिक आय वृद्धि गर्न पर्यटकहरुबाट सरसफाई शुल्कको साथै अन्य करहरुको दायरा वढाईने छ ।
१०. प्रहरी चौकी, स्वास्थ्य चौकी र विद्यालयका भवनहरुलाई पुर्ननिर्माण तथा मर्मत सम्भार गर्दै थप सुविधा सम्पन्न गरिनेछ । यस्ता संस्थामा कार्यरत जनशक्तिलाई आफ्नो कार्यस्थलमा कार्य गर्न उत्प्रेरित गरिनेछ ।
११. पुराना तथा नयाँ पर्यटकीय गन्तव्यस्थलहरुको एकीकृत र समन्वयात्मक रुपमा पूर्वाधार विकास गरी व्यापकरुपमा प्रचार प्रसार गरिने छ ।
१२. केर्मी तातोपानी व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।
१३. धार्मिक तिर्थस्थलहरुलाई थप व्यवस्थित गर्दै नयाँ स्थानमा गुम्बाको निर्माण गर्ने साथै प्रचार प्रसारको माध्यमबाट पर्यटकिय विकास गर्न विशेष जोड दिईनेछ ।
१४. ताल तलैया, छहरा, हिमाल र तातोपानीहरु आदिलाई पर्यटकिय स्थलका रुपमा विकास गरिदै लाने नीति लिईनेछ ।
१५. सार्वजनिक स्थल, पाटी, पौवा जस्ता भौतिक पूर्वाधारको विकासमा जोड दिईनेछ ।

## ५. सुशासन तथा संस्थागत क्षेत्र

१. स्थानीय सीप, श्रोत, साधन र क्षमताको अधिकतम उपयोग गर्न सरोकारवालाहरुसंग प्रभावकारी समन्वय, सहकार्य र साझेदारीमा विशेष जोड दिईनेछ ।
२. गाउँपालिकाका हरेक कार्यक्रमहरुमा **सयुक्त अनुगमन प्रणाली**लाई प्रभावकारी वनाउन सवै सरकारी तथा गैर सरकारी कार्यालयको संलग्नता गराई पारदर्शि र जवाफदेही वनाईनेछ ।
३. नागरिक वडापत्रको पालनामा जोड दिदै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहको कार्यलाई प्रभावकारी बनाईनेछ ।
४. विषयगत शाखा, गै.स.स.हरुको क्षमता विकास योजना बनाई लागू गरिने छ । उपभोक्ता समितिहरुको समेत क्षमता विकासमा जोड दिदै कार्यमा पारदर्शिता र उत्तरदायित्वमा अभिबृद्धि गरिनेछ ।
५. गाउँपालिकामा कृयाशिल सवै गैसस संग समन्वय राख्न एउटा डेक्सको व्यवस्था गरिने छ ।
६. उपभोक्ता समिति र सामाजिक संस्थाहरुको संस्थागत विकासमा जोड दिईनेछ ।
७. विकास कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी (PPP) को नीतिलाई बढवा दिईनेछ । र योजनाको प्राथमिकीकरण गर्दा ($P^1, P^2, P^3$) छनौटका आधार वनाई आवश्यकतालाई बढि जोड दिईनेछ ।
८. आवद्धिक योजना , गाउँपालिका यातायात गुरुयोजना, DAG mapping, श्रोत नक्शा, गरिवी नक्शांकन, वस्तुगत विवरण र गरिवमुखी नीति (Pro poor policy) बाल लगानी वनाईने छ । सो आधारमा योजना कार्यक्रम तर्जूमामा जोड दिईनेछ ।
९. सुशासनका लागि आवश्यक विद्युतिय उपकरणको प्रयोग गरी सेवा प्रवाहलाई सरल र सहज वनाईने छ ।
१०. नाम्खा गाउँपालिकालाई सूचना तथा प्रविधिमैत्री वनाउनका लागि आवश्यक पहल गरिनेछ ।

## अन्य महत्वपूर्ण नीतिहरु

१. हिल्सा र लाप्चामा सिमा सुरक्षा र अध्यागमन, क्वारेन टाईनलाई थप प्रभावकारी र सुदृढि गर्न व्यवस्था मिलाईनेछ ।
२. विदेशी मुद्रा सटही र आन्तरिक राजश्व कार्यालय स्थापना गरिनेछ ।
३. एक चीन नीतिको अवधारणालाई असल मित्रको हैसियतले वार्ताको माध्यमबाट मैत्री सम्बन्धलाई अझ प्रगाढ गर्दै लगिने छ ।

**सभाध्यक्ष महोदय**

१. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने बजेट विनियोजन र श्रोत व्यवस्थापनको लागि अनुमान प्रस्तुत गर्दछु ।

२. आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु १९ करोड ४९ लाख ७५ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ सर्शत सहित रु १२ करोड ११ लाख ७५ हजार र पुँजिगत तर्फ ७ करोड ३८ लाख विनियोजन गरेको छु । जस अन्तर्गत

**आर्थिक विकास तर्फ :** १ करोड ६१ लाख ४४ हजार,
**सामाजिक विकास तर्फ** : ८८ लाख ७० हजार ५ सय,
**पूर्वाधार विकास तर्फ** : ३ करोड ९६ लाख ६१ हजार ५ सय,
**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ** : १६ लाख र
**सुशासन तथा संस्थागत विकास तर्फ** : ७५ लाख २४ हजार

३. आगामी आर्थिक बर्षको लागि अनुमान गरेको खर्च व्यहोर्ने श्रोतमा **गाउँपालिकाको** आन्तरिक राजश्वबाट ३३ लाख ३३ हजार, चालु आ.व.को खर्च नभई बाँकी रहेको नगद मौज्दातबाट रु ४० लाख ९६ हजार, **संघीय सरकारको** सर्शत अनुदानबाट रु ८ करोड ६४ लाख, वित्तीय समानिकरण अनुदानबाट ६ करोड, राजश्व बाँडफाँडबाट ३ करोड ६५ लाख ७५ हजार त्यसैगरी **प्रदेश सरकारको** वित्तीय समानिकरणबाट ४२ लाख ९३ हजार, राजश्व बाँडफाँडबाट २ लाख ७८ हजार परिचालन गरिने छ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा बजेट तयारीको क्रममा निर्देशन गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत गाउँसभा सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका नेताज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरी गाउँ सभाका सदस्यहरुले दिनुभएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेटको छलफलका क्रममा सुझाव दिनु हुने नाम्खा गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत तथा अधिकृतज्यूहरु, कार्यालयमा कार्यरत कर्मचारीहरु वा विज्ञहरु, निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजिवीहरु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकार, सम्पूर्ण दाजुभाई तथा दिदीवहिनीहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत वजेट कार्यान्वयमा सवै पक्षको पूर्ण  सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

***धन्यवाद***